## सूचना !!! अध्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी एनएमबि बैंक लिमिटेडको सूचना

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसंग सम्बन्धित देहायका सूचना सुचीकृत गरी प्रकाशन गरिएको छ ।**

**क. निकायको स्वरुप र प्रकृति:**

कम्पनी ऐन २०२१ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम संचालित बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**

हाल कर्मचारी संख्या ८४१ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइ रहेको छ । व्यवस्थापन समूहको नाम र पद
http://www.nmb.com.np/ मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा:**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**ङ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

यस बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट www.nmb.com.np/ मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

बैंकको कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णय, विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णय कर्ताको रुपमा रहेको छ ।

**ङ. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ –

नाम : **श्री सुनिल के.सी.**

ठेगाना : एनएमबि बैंक लिमिटेड, प्रधान कार्यालय, बबरमहल, काठमाडौं

फोन : ०१–४२४६१६०

इमेल : sunil.kc@nmb.com.np

साथै सूचनाको हक सम्बन्धी नियमावली, २०३५को नियम ३ बमोजिको विवरण देहाय बमोजिम रहेको छ–

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण**

यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण**

www.nmb.com.np

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।